annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३१ पृष्ठ ८ | काठमाडौं, शनिबार १७ जेठ २०८२ | जेष्ठ शुक्लपक्ष चतुर्थी नेपाल संवत् ११४५ | SATURDAY, MAY 31, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

## कलिला आँखामा पनि क्यान्सर !

आँखामा पनि क्यान्सर ? त्यो पनि कलिला बालबालिकामा ? धेरै अभिभावकलाई यसबारे जानकारी पनि नहुन सक्ला । तर, बर्सेनि ४५ देखि ५० जना बालबालिकाका कलिला आँखामा क्यान्सर (रेटिनोब्लास्टोमा) रोग देखा पररिहेको छ । यो रोगका अधिकांश पीडितहरू विपन्न परिवारका छन् । तर, आत्तिनुपर्दैन, यो रोगको नि:शुल्क उपचार हुन्छ । आँखा क्यान्सर रोग विशेषज्ञहरू भन्छन्, 'बेलैमा सन्तानको आँखा जँचाऔं । क्यान्सर हुनबाट जोगाऔं । संसार देखाऔं ।'

**दिनेश गौतम** | *काठमाडौं*

**– को रिपोर्ट**

विस्तृत पृष्ठ २




तिलगंगा आँखा अस्पतालमा आँखा क्यान्सर (रेटिनो ब्लास्टोमा)को उपचार गराउँदै बालक

## अमेरिका–चीन व्यापार वार्ता अवरुद्ध

**वासिंटन डीसी** (एजेन्सी) : अमेरिका र चीनबीचको व्यापार वार्ता थोरै अवरुद्ध भएको अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले बताएका छन् ।

विश्वका दुई ठूला अर्थतन्त्रहरूबीच अस्थायी व्यापार युद्धविराम भएको करिब तीन सातापछि उनको यस्तो टिप्पणी आएको हो, जसमा दुवैले समान रूपमा कर घटाउन सहमति जनाएका छन् ।

बेसेन्टले फक्स न्युजलाई भने, 'मलाई लाग्छ कि वार्ताको परिणाम र जटिलतालाई ध्यानमा राख्दै, यसले दुवै देशका नेताहरूलाई एकअर्कासँग तौलिनु आवश्यक पर्नेछ ।'

डोनाल्ड ट्रम्पको विश्वव्यापी कर व्यवस्थालाई बुधबारको एक फैसलापछि धक्का लागेको थियो । किनकि, उक्त फैसलामा उनले आफ्नो अधिकार नाघेको निर्णय सुनाइएको थियो । ह्वाइट हाउसले निर्णयविरुद्ध अपिल गरेपछि उनको योजना अस्थायी रूपमा पुनर्स्थापित भएको छ ।

स्विट्जरल्यान्डमा भएको वार्तापछि अमेरिका र चीन दुवैले यस महिनाको सुरुमै एकअर्काको आयातमा लगाइएको कर घटाउने निर्णय गरेका थिए ।

सम्झौतामा दुवै राष्ट्रहरूले १४ मे सम्ममा केही करहरू पूर्ण रूपमा रद्द गर्ने र अरूलाई ९० दिनका लागि निलम्बन गर्ने निर्णय भएको थियो ।

बेसेन्टले थप सम्झौताका लागि वार्ता केही समयका लागि स्थगित भए पनि ती जारी रहनेमा जोड दिए । 'मलाई विश्वास छ कि हामी आगामी केही हप्ताभित्रै चीनसँग थप वार्ता गर्नेछौं र हामी कुनै समयमा राष्ट्रपति र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच वार्ता गर्न सक्छौं', बेसेन्टले भने ।

» बाँकी पृष्ठ ६

## 'यथार्थपरक बजेट, कार्यान्वयन सुरु'

**ममता थापा** | *काठमाडौं*

- अर्थमन्त्री पौडेलले सुधार गरिएका करका दरहरू लागू भइसकेकाले बजेट कार्यान्वयन सुरु भएको दाबी गरे ।
- बजेट कार्यान्वयनबाट निजी क्षेत्रको लगानी वृद्धि हुनेमा उनी ढुक्क छन् ।

उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले आम्दानी र खर्चका हिसाबले आफूले यथार्थपरक बजेट ल्याएको दाबी गरेका छन् । मन्त्रालयमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा अर्थमन्त्री पौडेलले बजेट यथार्थपरक भएकाले यसपटक प्रश्न पनि धेरै नउठेको बताए । 'खर्च र आम्दानीका हिसाबले यो बजेट यथार्थपरक छ,' अर्थमन्त्री पौडेलले भने, 'आजै (शुक्रबार) बाट नै कार्यान्वयनमा गइसकेको छ ।' अर्थमन्त्री पौडेलले सुधार गरिएका करका दरहरू लागू भइसकेकाले बजेट कार्यान्वयन सुरु भएको दाबी गरेका हुन् ।

अर्थमन्त्री पौडेलले बिहीबार संघीय संसद्को संयुक्त बैठकमा आगामी वर्षका लागि १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेट प्रस्तुत गरेका थिए । आगामी बजेटले टुक्रे योजनालाई हटाएर ३ करोडमाथिका आयोजना प्राथमिकतामा राखेसँगै कार्यान्वयनमा सहज हुने अर्थमन्त्री पौडेलले बताए । अर्थमन्त्री पौडेलले अहिलेबाटै बजेट कार्यान्वयन गर्ने कार्य योजना बनाइसकेको पनि बताए । उनका अनुसार अब आयोजना व्यवस्थापनको क्षमता बढाउने, समयमै दरबन्दी पदपूर्ति गर्नुपर्ने (साउन मसान्तभित्र गरिसक्नुपर्ने व्यवस्था मिलाएको), नीतिगत सुधार र बजेट कार्यान्वयनमा विषयगत मन्त्रालयको अग्रसरता लिने, शीघ्र निर्णय र अन्तरनिकाय समन्वय गर्ने



योजना रहेको छ । यससँगै, बजेट कार्यान्वयनबाट हासिल हुने उपलब्धि, आर्थिक गतिविधि विस्तार, निजी क्षेत्रको लगानी वृद्धि, रोजगारीको अवसर वृद्धि, पूर्वाधार आयोजनाहरू निर्धारित समयमै सम्पन्न हुने र ६ प्रतिशतको आर्थिक वृद्धि हासिल हुने अनुमान गरिएको अर्थमन्त्री पौडेलले बताए । बजेट कार्यान्वयनबाट निजी क्षेत्रको लगानी वृद्धि हुनेमा उनी ढुक्क छन् । बजेटले आर्थिक गतिविधि विस्तारसँगै रोजगारीको अवसर वृद्धि हुनेसमेत उनले बताए ।

मन्त्री पौडेलका अनुसार बजेटले आम्दानी खर्चको यथार्थपरक अनुमान गरिएको छ । 'बजेटमा पुँजीगत खर्चको विनियोजन बढाइएको, चालु खर्चलाई सीमाभित्र राखिएको र अन्तरसरकारी वित्त हस्तान्तरणमा वृद्धि गरिएको छ । यससँगै, राजस्वको लक्ष्य संशोधित अनुमानको १७ प्रतिशत राखिएको छ भने ३ करोडको मापदण्डभित्र रहेर बजेट विनियोजन गरिएको छ ।

» बाँकी पृष्ठ ६

